ॐ

महेश–संस्कृत–गुरुकुल–विद्यापीठम्
महेश-छात्र-समूहको प्रथम प्रकाशन

महेश-साहित्य-सङ्गम

वर्ष-१ अङ्क-१ वैशाख-२०७०

संरक्षकः
परमपूज्य गुरुवर डा० स्वामी रामानन्द गिरि

सल्लाहकारः
डा० गुरुप्रसाद सुवेदी
ब्रह्मचारी रमणानन्द
स्वामी केशवानन्द
फणीन्द्रप्रसाद पौडेल

सम्पादकः
निराजन पन्त
चिरञ्जीवी खतिवडा
कोमल नेपाल
नारायणप्रसाद घिमिरे

मुद्रकः
चित्रवन प्रिन्टस्,
प्रेसमार्ग, नारायणगढ

प्रकाशकः
महेश-छात्र-समूह

सम्पादकीय ...

महेश–साहित्य–सङ्गम महेश–संस्कृत–गुरुकुल–विद्यापीठमा अध्ययनरत छात्रहरूको साहित्यिक समूह हो । पूज्य स्वामीज्यूको साहित्यानुराग र सत्प्रेरणा नै यसको बीज हो । प्राचार्य गुरुज्यूको घचघच्याइबाट गुरुकुलमा सञ्चालित हुने साप्ताहिक साहित्यिक कार्यक्रमका रचनाहरू संकलन गर्ने सन्दर्भमा यो पत्रिकाले अङ्कुरित हुने अवसर प्राप्त गरेको छ । हामीलाई यस पत्रिकाले पूर्वीय संस्कृति, सभ्यता, भाषा र साहित्यको जगेर्ना गर्ने गुरुकुलको उद्देश्यलाई साकार पार्न केही सहयोग पुऱ्याउने आशा छ ।

पश्चिमी साहित्यबाट प्रभावित वर्तमान नेपाली साहित्यमा हाम्रो महत्त्वपूर्ण पूर्वीय साहित्यमान्यता ओझेलमा परेको छ । अहिले नेपाली साहित्यमा शास्त्रीय नियमहरू गुप्तलुप्त हुँदै गएका छन् । **कला कलाका लागि** भन्ने चिन्तनले साहित्यिक मूल्यको क्रमशः क्षय हुदैँ गएको छ । यस्तो स्थितिमा गेयात्मकता, छन्दमयता र सत्प्रेरणालाई आत्मसात् गरी रचिएका रचनाहरू यसमा समाविष्ट गर्ने प्रयास गरेका छौँ । यसबाट पद्यप्रेमी पाठकहरू लाभान्वित हुनेछन् भन्नेमा हाम्रो विश्वास रहेको छ ।

पत्रिका–प्रकाशनका क्रममा अमूल्य सल्लाह, सुझाव तथा विशेष सहयोग पुऱ्याउनुहुने आदरणीय गुरुद्वय **ब्रह्मचारी रमणानन्द** तथा **स्वामी केशवानन्द गिरिज्यू**प्रति हामी आभारी छौँ । आफ्ना अमूल्य रचना प्रदान गर्नुहुने सर्जकहरू तथा गुरुवर्गमा विशेष धन्यवाद ज्ञापन गर्दछौँ । यहाँहरूको सहयोग र सल्लाह अटुटरूपमा पाएर यो पत्रिकाले निरन्तरता पाउने कुरामा हामी विश्वस्त छौँ । साथै आउँदै गरेको नववर्ष २०७० को अवसरमा पाठकवृन्दप्रति सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यको कामना गर्दछौँ । सबैको जय होस् । अस्तु ।।

मूल्य रू. ३०/–

विषयसूची

१. **उद्बोधनपद्यानि**	ब्र. रमणानन्द	१
२. **साँच्चै बिहानी भयो**	चिरञ्जीवी खतिवडा	२
३. **वृथा गतं तस्य नरस्य जीवनम्,**	स्वा. केशवानन्द गिरि	३
४. **प्रजातन्त्र**	निराजन पन्त	४
५. **हाइकु**	रञ्जित आचार्य	४
६. **जिज्ञासा**	सागर रेग्मी	५
७. **साहित्यको संगम**	प्रमोद रेग्मी	६
८. **गजल**	नारायणप्रसाद घिमिरे	७
	कोमल नेपाल	७
९. **संस्कृतगीतम्**	चिरञ्जीवी खतिवडा	७
	दीपक सिग्देल (गजल)	७
१०. **सूक्तय:**		८
११.**नेपाल**	ईशान सुवेदी	८
१२. **सरस्वती**	सुशील वाग्ले	९
१३. **प्रकृति**	मनीष गौतम	९
१४. **गजल**	महेश्वर नेपाल	१०
१५. **म**	सुरज तिमिल्सिना	१०
१६. **विचार**	डिल्लीप्रसाद दाहाल	११
१७. **गजल**	सन्तोष अधिकारी	१२
१८.**गजल**	चिरञ्जीवी खतिवडा	१२
१९. **सत्कार्य गर्ने गर**	कोमल नेपाल	१३
२०. **द्यौता बन्ने रहर**	फणीन्द्रप्रसाद पौडेल	१४
२१. **नेपाल आमाप्रति**	पर्वतराज घिमिरे	१५
२२. **गजल**	दीपक सिग्देल	१६
	विष्णुहरि भट्टराई	१६
२३. **मेरो अनुभूति**	मोहन भण्डारी	१६
२४. **म हाँसिरहन्छु,**	नारायणप्रसाद घिमिरे	१७
२५. **गजल**	अनिश सापकोटा	१८
	शेखरराज पाण्डे	१८
२६. **व्याकरण**	कृष्णप्रसाद पौडेल	१८
२७. **सहिद**	प्रवीण पौडेल	१९
२८. **गजल**	पर्वतराज घिमिरे	१९
२९. **गजल**	शेखरराज पाण्डे	२०
	प्रमोद रेग्मी	२०
३०. **मेरो राष्ट्र**	विवेकराज भट्टराई	२०
३१. **पछुतो**	नारायण जोशी	२१
३२. **नरुनू पियारी**	भीमप्रसाद खतिवडा	२२
३३. **गजल**	अर्जुन ढकाल	२२
३४. **देवघाटको महिमा**	मौसम ढकाल	२३
३५. **व्यर्थ जीवन**	सन्दीप तिमिल्सिना	२४
३६. **हाइकु**	विदुर खनाल	२४
३७. **हाम्रो बाटो हाम्रो साहित्य**	किरण रिजाल	२५
३८. **गजल**	सुदीप मिश्र	२५
३९. **हाम्रो महेशाश्रम**	प्रभाकर घिमिरे	२६
४०. **गजल**	मातृका सुवेदी	२६
४१. **गोसाइँकुण्ड यात्रासंस्मरण**	मधुसूदन पराजुली	२७
४२. **नेपाल**	सूर्यमणि जमरकट्टेल	२७
४३. **गजल**	हेमराज तिमिल्सिना	२८
	पुरुषोत्तम रिजाल	२८
४४. **जङ्गली मान्छे**	रामचन्द्र रिजाल	२८

शुभाशंसा

महेश-संस्कृत-गुरुकुलमा विभिन्न तहमा अध्ययन गर्ने छात्रहरूले आफ्नो सिर्जनाको सँगालाको रूपमा महेश-साहित्य-सङ्गम प्रकाशित गर्न लागेको थाहा पाउँदा हामीलाई हृदयतः प्रसन्नताको अनुभूति भएको छ । संस्कृतमा केही सूक्तिहरू छन्- **अकरणान् मन्दकरणं श्रेयः** अर्थात् कत्ति नगर्नुभन्दा थोरै गर्नु राम्रो । **कुर्वन् भद्राणि पश्यति** अर्थात् केही गर्दै जाँदा नयाँ-नयाँ अनुभूतिहरू थपिदैँ जान्छन् । **कुर्वाणो नावसीदति** अर्थात् क्रियाशील व्यक्तिले कहिल्यै दुःख पाउँदैन । **अल्पारम्भाः क्षेमकराः** अर्थात् आरम्भमा थोरैबाट सुरु गर्नु राम्रो हुन्छ । यिनै सूक्तिहरूको सेरोफेरोमा यो कामको शुभारम्भ भएको छ । **महेश-साहित्य-सङ्गम** छात्रहरूले जुराएको प्रस्तुत प्रकाशनको नाम हो । यस शीर्षकमा समेटिएका तीनवटा विषयहरूको संक्षिप्त चर्चा सन्दर्भप्राप्त छ ।

- महेश-संन्यास-आश्रम देवघाटधामद्वारा सञ्चालित महेश-संस्कृत-गुरुकुल संस्कृतशिक्षाका लागि नेपालभर नै प्रसिद्ध औपचारिक शिक्षण संस्था हो । वि.सं. २०५२ मा स्थापित यस गुरुकुलमा कक्षा ६ देखि आचार्य तहसम्मको पढाइ हुन्छ । संस्थापक, अध्यक्ष पूज्य गुरुवर डा. स्वामी रामानन्द गिरिज्यू महाराजको शुभसङ्कल्प र दानवीर भक्तहरूको सहयोगबाट सञ्चालित यस गुरुकुलमा हाल १४० जना छात्रहरूले आवासीय सुविधासहित निःशुल्करूपमा वेद–वेदाङ्गको शिक्षा प्राप्त गरिरहेका छन् । सुविधासम्पन्न पर्याप्त भवन, प्राकृतिक सुन्दरताले युक्त वातावरण, पूज्य स्वामीज्यूको वरद कृपादृष्टि र योग्य गुरुहरूको सान्निध्य यहाँका खास विशेषताहरू हुन् ।

- साहित्य शब्दको मूल हितशब्द हो । हित अर्थात् कल्याणले युक्त भएकोलाई सहित र त्यसको भावलाई साहित्य भनिन्छ । मानवलाई मानव बनाउने सजिलो साधन साहित्य हो । साहित्यले कान्तासम्मित वाक्यद्वारा समाजलाई सही बाटोमा डोऱ्याउँछ । साहित्यद्वारा सत्य, शिव र सुन्दरको साक्षात्कार हुन्छ । साहित्यविना समाज शवतुल्य बन्दछ । नीतिशास्त्रमा साहित्यविनाको मानिसलाई तृण नखाईकन पनि बाँच्न सक्ने सिङ् र पुच्छर नभएको असली पशु भनिएको छ—

  साहित्यसङ्गीतकलाविहीनः, साक्षात्पशुः पुच्छविषाणहीनः ।
  तृणं न खादन्नपि जीवमानः, तद्भागधेयं परमं पशूनाम् ।।

  संक्षेपमा रमाइलो तरिकाले समाजलाई सही बाटोमा डोऱ्याउने सिर्जनात्मक सुन्दर अभिव्यक्ति नै साहित्य हो । वास्तवमा सुन्दर अभिव्यक्ति एउटा महत्त्वपूर्ण कला हो । यस्तो कला सिक्न त्यस्तै परिष्कृत काव्योक्तिहरू पर्याप्त पढ्नुपर्छ, सुन्नुपर्छ र बहुश्रुत बन्नुपर्दछ । कसैकसैमा मात्रै त्यस्तो स्वाभाविक क्षमताले काम गरेको हुनसक्छ, जसलाई सहजप्रतिभा भनिन्छ । तर धेरैजसोमा अभ्यास नै जरुरी भएको देखिन्छ । अहिलेको यो साहित्य–सङ्गम यही चरणको सेरोफेरोमा अवस्थित छ ।

- वैदिक सनातन धर्म र संस्कृतिका ज्ञाता बन्ने उद्देश्यका साथ मूलरूपमा संस्कृत–वाङ्मयको अध्ययन गर्न जुटेका यस गुरुकुलका छात्रहरूका लागि यी र यस्ता साहित्यसिर्जनाका कामहरू अतिरिक्त आनुषङ्गिक क्षेत्रभित्र पर्दछन् । संस्कृत–वाङ्मयको ज्ञानसँगै नेपाली भाषा, साहित्य र सिर्जनामा अभिप्रेरित हुनु उनीहरूको निजी अभिरुचि हो र मातृभाषाप्रतिको सहज अनुराग पनि । यसै सन्दर्भमा देवघाटधाममा गण्डकीहरूको मिलन भएझैँ यहाँ छात्रहरूको चिन्तन र अभिव्यक्तिकलाको सम्मिश्रण भएको देखिन्छ । यहाँको सङ्गमको यही सार्थकता हो ।

- महेश–संस्कृत–गुरुकुलका छात्रहरू सर्वतोमुखी प्रतिभाका धनी बनून् भन्ने हाम्रो चाहना हो । यसैले आरम्भिक अवधिदेखि शास्त्रीय र आधुनिक विषयको शिक्षणसँगै विभिन्न प्रतियोगितात्मक वा अप्रतियोगितात्मक कार्यक्रमहरूको आयोजना गरी संस्कृत र नेपाली भाषामा सिर्जना गर्न छात्रहरूलाई अभिप्रेरित गरिएको हो । यहाँका छात्रहरूले पहिलेदेखि नै साहित्यिक सिर्जनामा कलम चलाउँथे । वि.सं. २०६० सालदेखि प्रतिवर्ष मकर–काव्य–यामिनीको आयोजना हुँदै आएको छ । जसमा विगतवर्षहरूमा विशिष्टतम सिर्जना र समालोचनाका धनी साहित्यकारहरू आइसक्नुभएको छ र गुरुकुलका छात्रहरूलाई हौसला बढाउनुभएको छ । हाम्रो चाहना हुँदाहुँदै पनि ती काव्य–यामिनीमा वाचन भएका रचनाहरूको सँगालोलाई एकत्रित गरी प्रकाशन गर्ने अवसर मिलेको थिएन । अहिले यो साहित्य-सङ्गमको रूपमा छात्रहरूका रचनाको सँगालो प्रकाशित भएको छ । यसलाई न्यायदर्शनमा भनेझैँ कार्यमात्रका लागि साधारण कारण ईश्वरेच्छा हुने रहेछ भन्ने हामीलाई पनि लागेको छ । प्रतिसप्ताह श्रद्धेय स्वामीज्यूको सान्निध्यमा कवितावाचन गर्नुपर्ने अपरिहार्यता र स्वामीज्यूको सहज साहित्यानुरागबाट छात्रहरूमा यस किसिमको प्रवृत्ति बढेको हो । जे-जसरी होस् सङ्गमको यो पहिलो अङ्क पाठकका सामु आइपुगेको छ । यसलाई गुणैकपक्षपाती रसिक पाठकहरूले रुचाउनुहुनेछ भन्ने हामीलाई लागेको छ । यस अङ्कमा केही फक्रिन लागेका फूलहरू र केही फक्रिन बाँकी रहेका कोपिलाहरूको सम्मिश्रण छ । भविष्यमा यही सुन्दर फूलबारीको रूपमा रुपान्तरित हुनेछ र सर्वत्र साहित्यसुवास फैलाउँदै सबैलाई आनन्दित बनाउनेछ भन्ने हामीले अपेक्षा राखेका छौँ ।

- अन्तमा, यस सङ्गममा रचना उपलब्ध गराउने छात्रहरू र यसको प्रकाशनकार्यमा जुट्ने क्रियाशील छात्रहरू सबै धन्यवादका पात्र छन् । यस्ता साहित्यिक कार्यहरूमा छात्रहरू अझै पनि गतिशील रहिरहुन् भनी भूतभावन भगवान् श्रीविद्येश्वरसँग प्रार्थना गर्दछु । अस्तु ।

-डा० गुरुप्रसाद सुवेदी

प्राचार्य

महेश-संस्कृत-गुरुकुल-विद्यापीठम्

उद्बोधनपद्यानि

अयि मनुजाः शुभकर्मरताः मम भद्रकरन्तु वचः शृणुत,
अवनितले मनुजत्वमुपेत्य सुदुर्लभमेव यशस्तनुत ।
किमु क्षणिकैर्विषयेन्द्रियजन्यसुखानुभवैः किमु कर्मफलैः,
क्षणिकतमैः किमु पुत्रकलत्रगृहादिकबाह्यसुखैः मिलितैः ॥१

मरणभयं प्रसवादिककष्टमतीव विभीषिकया सहितम्,
जगदिदमात्मप्रसादकशान्तिसुखैः रहितं पुरुदुःखकरम् ।
विषयविचारणमात्रपरा असदिन्द्रियाकृष्टधियः पुरुषाः,
भ्रमविषयेऽपि च सार्थकतां गणयन्ति ह्यसत्यरता मनुजाः ॥२

त्यज त्यज सन्त्यज मानवरूपधरान् निखिलान् मनुजापसदान्,
भज भज दैत्यसुरेन्द्रसमाश्रितपादतलान् गिरिजासहितान् ।
कुरु कुरु भूतदयां भगवत्प्रणतेषु च दर्शय हार्दिकताम्,
जहि विषवन्निखिलान् विषयानहिदुर्दमनीयप्रभावयुतान् ॥३

निरतिशयं सुखमिच्छथ चेन्मनुजा अयि वास्तवभाग्ययुताः,
अमृतमसङ्गमरूपमनन्तमजं भजताममृतस्य सुताः ।
न हि विषये सुखमस्ति हि नापि भविष्यति मा स्म भवत् सुमते !
वृजिनमये शतदुःखयुते न हि गच्छथ हे मनुजाः कुपथे ! ॥४

स्वमनसि सन्निहितं निगमागमवेद्यपदं शिवदं हि शिवम्,
त्रिविधतनूरहितं परमात्मनि विश्वविलासधरं भवभीतिहरम् ।
हृदि परिभावय भावय तत्र मनःप्लवगं परिशामय शामय हे !
अमृतनिधिं अमृतेन मथा ह्यनुविश्य चिदात्मुखे रमातां बुध हे ॥५

-ब्रह्मचारिरमणानन्दः ,
महेश-संन्यास-आश्रमः ।

साँच्चै बिहानी भयो

ए साथी कति सुत्दछौ शयनमा निद्रा र आलस्यमा
धेरै बेर भयो चराहरू उठे चिर्चिर् गरी वृक्षमा ।
रातो ज्योति लिएर पूर्व नभमा रङ्ग्याउँदै को गयो ?
हे प्यारा उठ मित्र यो जगतमा साँच्चै बिहानी भयो ॥१॥

सानो रक्तिम बिन्दुले हिमगिरी मुस्काउँदै हाँस्दथ्यो
नौलो ज्योति उदाउँदा मुजुर झन् उल्लासमा नाच्दथ्यो ।
पन्छी पल्लवमाझ चुल्बुल गरी आनन्दले बस्दथ्यो
जागी जाँगर जोसमा उठ सबै साँच्चै बिहानी भयो ॥२॥

लुक्छन् शीतल शीतका कणहरू हाँस्दै थिए पङ्कज
यस्तो स्वर्ण प्रभात मङ्गलध्वनि गर्दै थिए दिग्गज ।
मीठो त्यो मकरन्द गन्ध भुँमरो आनन्द चुम्दैछ यो
के सुत्छौ अब जाग आज सखि हो साँच्चै बिहानी भयो ॥३॥

घण्टा शङ्ख बजे सुरम्य जगमा सङ्गीतले मन्दिर
घाँसी लम्किन थाल्दछन् रविसँगै द्यौरालि डाँडातिर ।
आफ्नो गन्ध फिँजाई पुष्पवनले हावा चलाईरह्यो
लागे काम विहारमा जनहरू साँच्चै बिहानी भयो ॥४॥

बोक्दै हर्दम हर्षसाथ जगमा उत्साहका भावना
गर्नेछौँ सुरलोकझैँ चहकिलो संसारको कल्पना ।
आफ्ना शस्त्र लिएर बढ्नु अब लौ जे शिल्प आफ्नो छ यो,
जागौँ झुम्म भएर आज नसुतौँ साँच्चै बिहानी भयो ॥५॥

–चिरञ्जीवी खतिवडा
विद्यापीठम्, शास्त्री तृतीयवर्ष।

वृथा गतं तस्य नरस्य जीवनम्

१

आनन्ददात्रीममृतस्य धात्रीम्,
दुःखस्य हन्त्रीं च सुखप्रदायिनीम्।
सुरां गृहीत्वा चसके न पीता,
वृथा गतं तस्य नरस्य जीवनम्॥१

श्वमुत्ररूपेण च गन्धवाहिका,
कुकौद्रवीया मतिभ्रष्टकारिणी।
सुरां गृहीत्वा चसकेन पीता
वृथा गतं तस्य नरस्य जीवनम्॥२

२

शशीप्रभं सुन्दरश्यामरूपम्,
स्वकुक्षिमध्ये च निधाय पौत्रम्।
न धर्षितं श्मश्रु सुखेन स्वैरं,
वृथां गतं तस्य नरस्य जीवनम्॥१

सूर्यप्रभो भूतनाथः परेशः,
आनन्दरूपो भगवान् महेशः।
ध्याने धृतो येन न बोधकाले,
वृथा गतं तस्य नरस्य जीवनम्॥२

अग्रे विधायैव च पुत्रसेवकान्,
पत्न्या सह प्राभृतभूरिसंयुतः।
गृहं श्वशूरस्य गतो न पाक्षिके,
वृथां गतं तस्य नरस्य जीवनम्॥१

नागेन्द्रहारो नवचन्द्रशेखरो,
जटाधरो भूतपतिर्महेश्वरः।
चित्ते धृतो नो तपसि स्थितेन,
वृथा गतं तस्य नरस्य जीवनम्॥२

-स्वामिकेशवानन्दगिरिः
महेशसंन्यासाश्रमः

प्रजातन्त्र

जस्ले जे मन लाग्छ गर्छ सजिलै उद्दण्ड भन्ने किन
लाग्दैछन् अधिकार आज सबले खोसेर आफ्नो लिन ।
लागेको छ स्वतन्त्रता-खपतमा पूरा यहाँ मानव
आएको छ समस्त यो मुलुकमा यस्तो व्यवस्था अब ॥१

सित्तैमा अधिकार मिल्दछ यहाँ कर्तव्य चाहिन्न है
भो शङ्कास्पद कर्मको फल सधैँ पाइन्छ-पाइन्न खै ।
बिर्सेको छ हरेकले जब सबै कर्तव्य आफ्नो यहाँ,
यस्तो उत्सवतुल्य जीवन अहो छाडेर जाऊँ कहाँ ॥२

जस्ले गर्दछ राजनीति अहिले ठानिन्छ त्यो नैतिक
गर्ने मानिस जो समाजहित हो बिर्सन्छ उस्ले हित ।
भ्रष्टाचार गरेर बस्छ सहसा यो राष्ट्रको सेवक
ताली लेख्दछ खालि कागजभरी यो देशको लेखक ॥३

आए चार प्रकारका मुलुकमा देख्यौँ प्रजातन्त्र ती
साह्रै गद्गद भावमा विषयमा लेख्यौँ प्रजातन्त्र ती ।
पानामात्र भरे, भरेन कहिल्यै मान्छे प्रजातन्त्रले
आयो स्वागत भो बनेन कहिल्यै मान्छे प्रजातन्त्रले ॥४

यो छाडापन, तुच्छता, मनुजको उन्माद, स्वच्छन्दता,
आयो, मानवता गयो पर भयो यो देहको देवता ।
बोक्रो सुन्दर बाहिरी जलपले सौन्दर्यशाली छ यो,
खोक्रो मानव-मूल्यको पतनमा कस्तो प्रजातन्त्र हो ॥५

-निराजन पन्त
विद्यापीठम्, अध्यापक।

हाइकु

ऊ आयो भने,
हुरीबतास चल्छ
सबै सुत्दछन् ॥

आँखाले देख्यो,
आकाश प्वाल पर्‍यो
पानी झरेन ॥

पुराना कुरा
केटाकेटीको गफ
मन्त्रीमण्डल ॥
-रञ्जित आचार्य

जिज्ञासा

कस्तो रम्य मयूर नृत्य छ अझै गङ्गा बगिन् पावन,
हिँड्दैछन् सुर-अप्सरा अनि कतै भो रामको वन्दन ।
अग्लो आसन स्वर्णको अमृतको आनन्द नौलो थियो
आँखा बन्द थिए खुले अब सबै भाग्यो कहाँ दृश्य यो ॥१

संसारैभरमा मसङ्ग तुलना गर्ने यहाँ को छ र ?
ज्ञानी, सिद्ध र पूज्य देव त म हूँ मेरो पुकारा गर ।
मारी शत्रु म भोग गर्छु जगको कस्को छ यो तागत,
सारा नाश हुनेछ प्राण छुटदा स्वप्नैसरि जाग्रत ॥२

आधा रात छ चोर पस्छ घरमा सम्पद् सबै लुट्दछ,
आगो लाउँछ गेहमा अतिप्रिया अर्धाङ्गिनी मार्दछ ।
दारामा, धनमा र छैन ममता आवासमा खै कति,
मिल्छन् इन्द्रिय प्राणसङ्ग सब नै कस्तो सुषुप्तिस्थिति ॥३

राम्रै लाग्छ तथापि हुन्छ सपना त्यो बालुवाको घर,
उस्तै जाग्रत यो शरीर ढलदा के शेष बाँकी छ र ?
निद्राको वशमा परे गुम हुने कस्तो अहङ्कार यो,
सोच्दा केहि त ज्ञान मिल्छ कि भनैँ अज्ञानले ढाकियो ॥४

मर्दा मानिस केही तत्त्व नरही त्यो शून्यमा मिल्छ कि
जेजे कर्म छ पाप पुण्य सब यो साथै लिई जान्छ कि ।
सारा दृश्य प्रपञ्च यी जगतका जादूसरी छन् भने
बाँकी सत्य र तथ्य तत्त्व कुन हो मिथ्या सबै छन् भने ॥५

यो मस्तिष्क चलाइ गर्छ कसले ब्रह्माण्ड हाँक्ने कुरा ?
कस्को हो कुन प्रेरणा हृदय यो लाग्यो कुना कन्दरा ।
त्यस्तै चल्छ शरीर तत्त्व कुनले मूर्दासरी जोविना
जिज्ञासा अब उठ्छ यो मगजमा त्यो तत्त्व के हो भन ?॥६



-सागर रेग्मी,
विद्यापीठम्, शास्त्री तृतीयवर्ष ।

साहित्यको सङ्गम

जुध्दै आपसमा परिस्थितिसँगै बाटो खडा भो नयाँ,
यौटा साधन एकता हुन गयो भो जीत सङ्घातमा ।
छायो भाव समाजमा अधि बढी सद्ज्ञान फैलाउन,
कोसेली दिन जन्मियो समुहमा साहित्यको सङ्गम ॥१

स्रष्टाका सुविचारले उदयको खोल्नेछ ढोका पनि
द्रष्टा खोज्छ सुकाव्य हर्पल यहीँ पाएर सञ्जीवनी ।
यो ज्ञानामृत भेट्छ पुस्तक पढे तोडेर त्यो बन्धन,
लाखौँ जन्म छपाउँदैछ कविता साहित्यको सङ्गम ॥२

जो आलस्य हटाइ धाउँछ कुवा छोड्नेछ तिर्खाउन,
प्यासी मानिस निम्ति हुन्छ जल यो त्यो प्यास मेटाउन ।
साहित्येतर मर्त्य चातकसरी तड्पिन्छ रे दिन्दिन
तिर्खा मेट्न तलाउ खन्दछ यहाँ साहित्यको सङ्गम ॥३



जो-जो छन् भवमा सधैँ अमर ती हुन् बीज साहित्यका,
यो साहित्य भएर सक्रिय अझै जित्नेछ आत्मीयता ।
सत्साहित्य दिलाउनेछ मुटुमा आशा उमार्ने श्रम
आँखा खोल्न सिकाउँदैछ सबमा साहित्यको सङ्गम ॥४

आकाङ्क्षा प्रिय हुन्छ मानव सदा तोडी मनोविभ्रम,
यो सद्बीजन रोप्न मद्दत गरी पाऔँ नयाँ जीवन ।
मेट्दा मेट्न सकिन्न यो अमरता साहित्यका सज्जन
यो विश्वास दिलाउँदैछ नरमा साहित्यको सङ्गम ॥५

-प्रमोद रेग्मी
विद्यापीठम्, उत्तरमध्यमा द्वितीयवर्ष।

गजल

जोखेर जोखिँदैनन् माया कसैकसैका ।
पोखेर पोखिँदैनन् माया कसैकसैका ॥१

खोसिन्छ जिन्दगी नै नचाही-नचाही ।
खोसेर खोसिँदैनन् माया कसैकसैका ॥२

भत्काउँछन् पहाडै सरित्, समुद्र भेट्न ।
रोकेर रोकिँदैनन् माया कसैकसैका ॥३

के रोमियो जुलियट, कथा मुनामदनको ?
घोकेर घोकिँदैनन् माया कसैकसैका ॥४

बोक्ला बरू कसैले यो आकाश सारा ।
बोकेर बोकिँदैनन् माया कसैकसैका ॥५

-नारायणप्रसाद घिमिरे

छ आशा मलाई पुरा सार पाऊँ ।
भो पाशा जगत् यो बुझी पार पाऊँ ॥१

मिलेरै गरी आपसी कार्य पूर्ण ।
छ पीयूष वर्षा सुधा-धार पाऊँ ॥२

छ अस्तित्व सारा जगत्को अगाडि ।
खिया नै नलाग्ने हिरा-हार पाऊँ ॥३

अहिंसा, बलात्कार, पीडा हटाई ।
सदा शान्तिको मार्गमा कार पाऊँ ॥४

हटाई अनास्था र भीडन्त, द्वन्द्व ।
छ विश्वास, सद्भाव-आकार पाऊँ ॥५

छ राम्रो नबुझ्दा विना ज्ञान कैल्यै ।
यहाँ आपसी मेल साकार पाऊँ ॥६

-कोमल नेपाल।

संस्कृतगीतम्

सरसा भाषा बहुलसमासा मधुरेयं सुरवाणी ।
रमते बालश्चन्दनभालः संस्कृतपुस्तकपाणिः ॥१

उन्नतिमार्गे पथिका बाला
भाति च कण्ठे संस्कृतमाला ।
जीवनयात्रा खलु गतिशीला
वयञ्च सुन्दरशान्तसुशीलाः ॥२

विश्वसमाजं बान्धवभावं भजते संस्कृतशिक्षा ।
गृहञ्च विश्वो जीवनभूमिर्मदीया गुरुदीक्षा ॥३

संस्कृति-रक्षण-दत्त-मनस्का
जगति च गर्वैर्लब्धयशस्काः ।
सुगमा सरणिर्निश्छलनीतिः
समस्तगर्भा जीवनरीतिः ॥४

मानवबान्धवबन्धनसूत्रं नीतिसमाश्रितग्रन्थाः ।
उन्नतिमार्गे सरलः पन्था ज्ञानविलोडनमन्थाः ॥५

सकला बाला वनिता वृद्धाः
सुकृतिसुसेवनसरणौ सिद्धाः ।
गर्जति वाणी संस्कृतरूपा
ज्वलन्ति नित्यं संस्कृतदीपाः ॥६

गुरुकुलरीत्या पठिता शिक्षा नृणां मेलनबिन्दुः ।
नीतिकलाश्रितसुबिम्बितेन्दु, निर्मलसंस्कृतसिन्धुः ॥७

–चिरञ्जीवी खतिवडा

ब्रह्मसत्यं जगन्मिथ्या मानसे लीयते सदा ।
ब्रह्मानन्दः सुधामृतं सुखेन पीयते सदा ॥१

ब्रह्म एव जगत्कर्तृ किं त्वं जानासि न वा ।
आधारभूतं यत्तत्त्वं ब्रह्मैव गीयते सदा ॥२

मायामयमिदं सर्वमन्धेनाच्छादितं यदा ।
अन्धकारं बहिष्कृत्य ब्रह्मैवाधीयते सदा ॥३

कर्तुमकर्तुमन्यथा कर्तुं समर्थ ईश्वर इति ।
अहंब्रह्मास्मि इत्युक्त्वा स्वधर्मेस्थीयते सदा॥४

सत्वात्सञ्जायते ज्ञानं सर्वे जानन्ति मानवाः ।
आत्मानं न हि जानद्भिरत्रैव क्षीयते सदा ॥५

-दीपक सिग्देल

सूक्तयः

- अन्धस्य दीपो बधिरस्य गीतम् ।।
- चिन्ता जरा मनुष्याणाम् ।।
- को विदेशः स विद्यानाम् ।।
- जठरं को न बिभर्ति केवलम् ।।
- धर्मो मित्रं मृतस्य च ।।
- न वैराग्यात्परं भाग्यम् ।।
- निपातनीया हि सतामसाधवः ।।
- बुभुक्षितः किं न करोति पापम् ।।
- हितं मनोहारि च दुर्लभं वचः ।।
- स्वस्थे चित्ते बुद्धयः सम्भवन्ति ।।
- स्तोत्रं कस्य न तुष्टये ।।
- सुकविता यद्यस्ति राज्येन किम् ?
- सहसा विदधीत न क्रियाम् ।।
- हस्तस्य भूषणं दानम् ।।
- सर्वः कान्तमात्मीयं पश्यति ।।
- सर्वं शून्यं दरिद्रस्य ।।
- सम्पूर्णकुम्भो न करोति शब्दम् ।।
- सर्वं स्नेहात् प्रवर्तते ।।
- सन्तोष एव पुरुषस्य परं निधानम् ।।
- सद्भिः कुर्वीत सङ्गतिम् ।।
- वृद्धा नारी पतिव्रता ।।
- वृथा सुप्तस्य भोजनम् ।।
- वृद्धस्य तरुणी विषम् ।।
- विरक्तस्य तृणं जगत् ।।
- भार्या रूपवती शत्रुः ।।
- विद्वान् सर्वत्र पूज्यते ।।

-सुभाषितरत्नभाण्डागारम्

नेपाल

मेरो देश सदैव रम्दछ कतै एकान्तमा शान्तमा,
आफैँ हाँस्छ हसाउनेछ सजिलै निःस्वार्थ सौहार्दमा ।
दौरामा, सजिने सुशोभित भई नेपालकै हुन् जन,
चारै वर्ण छ जात छत्तिस जहाँ नेपाल त्यै हो भन ॥१

छैनन् निश्चित धर्म धेर थरिका मानिन्छ है धर्म ती,
सानो देश परन्तु त्यो सगरमाथाको छ शोभा यहीँ ।
जिल्ला छन् यसमा पचत्तर भने, छन् चौध नै अञ्चल,
मान्छेले नगरे त देश सुन है आफैँ कती बढ्छ र ? ॥२

सीता, गौतमलाइ जन्म यसले फेरी गराउन्छ रे
यो सक्दैन बढाउनै धन भने पानी बगाउन्छ रे ।
अन्धो देख्दछ भित्र त्यो हृदयले सौन्दर्यका भावना,
सानो स्वर्ग र शान्त, अमृतसरी नेपालको सम्झना ॥३

यो नेपाल, हिमाल, फाँट, छहरा हाँस्दैछ रे मन्मनै
मेरो यो जननी बनेर ममता छर्दैछ है दिन्दिनै ।
आफ्नो ज्यान भुलाइ देशप्रतिको सद्भाव राख्नेहरू,
मर्नैपर्छ भने म अन्तिमघडी नेपाल जप्दै मरूँ ॥४

गङ्गाकै जलमा रमौँ सब जना छन् कोकमा स्वाद के ?
खाँदै भन्छ अघाइँदैन कहिल्यै त्यो भोक बेक्कार हे ।
खै के हेर्नु विदेशमा जनहरू ती देशमा के छ र ?
हाम्रो देश छ एक विश्वनमुना नेपाल हाम्रो घर ॥५

–ईशान सुवेदी
गुरुकुलम्, कक्षा-८ ।

सरस्वती

गर्छौं छात्र मिली सबै सरस्वतीपूजा र आराधना,
देवीको पढि चालिसा दिनदिनै हामी गरौँ साधना ।
विद्यादेवि भनी पुजेर सबले राखौँ सफा भावना,
छर्नू विश्वमहाँ पढेर सबले सद्ज्ञानको वासना ॥१॥

पूज्छन् मानव, देव, दानवहरू विद्याकि देवी भनी,
छर्छिन् मानवमा नवीन रसिलो विज्ञान सञ्जीवनी ।
सेतो वस्त्र धरेर ती स्मितमुखी बस्छिन् सधैँ हाँसमा,
मान्छे धर्म भुलेर खै पशुसरी चर्छन् सधैँ घाँसमा ॥२॥

सोच्छिन् हीत सबै ति छात्रहरूको पद्मासनैमा बसी,
बुद्धि, ज्ञान, विवेक दान गरने छात्रैहरूमा पसी ।
सिक्नू नै त महत्त्वपूर्ण छ भने विद्या भयो जीवन
विद्या हो गहना बुझीलिनु सबै सिक्नू त्यसैले सब ॥३॥

सर्वे सन्तु निरामयाः भनि यहाँ सार्नू अरूमा पनि,
गर्नू ध्यान र प्रार्थना दिनदिनै विद्या म पाऊँ भनी ।
वीणापुस्तकधारिणी भनि बुझी गर्नू पर्‍यो आरती,
विद्याको रथ हाँकने सबजना बन्नूपर्‍यो सारथी ॥४॥

-सुशील वाग्ले,
गुरुकुलम्,कक्षा-८ ।

प्रकृति

रसिलो मनमा, हँसिलो पनमा,
म रहूँ जहिल्यै सुखि जीवनमा ।
सब शान्त बनून् र सुखान्त बनून्
अझ हर्षित भै सब कान्त बनून् ॥१

रविको गतिमा सुम फुल्छ नयाँ,
गुणको महिमा पनि खुल्छ नयाँ ।
प्रकृतिसँग मीत म लाउँदछु,
म सरोवरमा अझ धाउँदछु ॥२

दिलमा गुण भर्छ यही प्रकृति,
मनका सब फाल्दछ रे विकृति ।
यही हाँस्न सिकाउँछ दुःखमहाँ,
अनि धीर बनाउँछ शङ्कटमा ॥३

कति दिव्य छ यो सपना प्रकृति,
विधिको उपमाहिन एक कृति ।
बसिरन्छु यहीँ दिन गन्छु यहीँ,
सखि मिल्छ कहाँ यहि जाहिँतहीँ ॥४

–मनीष गौतम,
गुरुकुलम्, कक्षा-९ ।

गजल

गल्ती छैन भने मेरो, आई यहाँ माफ देऊ ।
छँदैछैन गल्ती भने, आइँ यहाँ जवाफ देऊ ॥१

असत्यलाई सत्य भनी, जिताउने त्यो अड्डामा ।
सत्य न्याय दिलाउन, आई यहाँ निसाफ देऊ ॥२

स्यालका बच्चा धेरै भए, तर सिंहका बच्चा छँदै छैनन् ।
त्यसैले हिम्मत तिम्रो भए, अब आई यहाँ रबाफ देऊ ॥३

ब्वाँसाले रगत चुसेझैँ, चुसिरहेछ नै चौतर्फीबाट उसलाई ।
त्यसैले कुभाव होइन, उसलाई यहाँ आई सुझाव देऊ ॥४

जतातत‍ैबाट पीडित, टुहुरा ती बालबालिकालाई ।
सच्चा माया दिने भए, आफ्नो यहाँ आई कारण देऊ ॥५

–महेश्वर नेपाल
विद्यापीठम्, उत्तरमध्यमा प्रथमवर्ष ।

म

म अनेक छु, एक भएर जुटूँ,
अनि सिर्जन-मूल भएर फुटूँ ।
अति सुन्दर छु, म नयाँ मन हुँ,
म समस्त विचार हुँ, विश्व म हुँ ॥१

म विशालमयी रमणीय-कथा,
म विवेक बनेर रमाउँ सदा ।
म पवित्र छु, दाग कहीँ छ कतै,
म रमाउँछु विश्व नियालि अझै ॥२

फुलझैँ म सुवास सधैँ छरुँला,
अरुलाइ बचाइ बरु मरुँला ।
कविता कवि होस्, कवि होस् कविता ,
दुखको सब सारथि हो कविता ॥३

कुसुमाकरको सब स्वाद लिँदा,
मन स्वच्छ भयो र रमेँ म सदा ।
म हुँ वेद, पुराण र ब्रह्म सुन,
म हुँ सङ्गितको सुमधूर धुन ॥४

म हुँ सज्जन वा कवि काव्यसुधा,
भरिपूर्ण छु के ? भर छैन ममा ।
म हुँ देव, मनोहर विश्वकला,
म हुँ बालक शान्त नयाँ कविता ॥

–सुरज तिमिल्सिना,
गुरुकुलम्, कक्षा-९

विचार

सानो सूक्ष्म, अदृश्य यो जतिजती देखिन्छ बढ्दो क्षण,
धेरै नै बलशाली त्यो जडमहाँ शास्ता बनी चेतन ।
रात्रीको तममा विचार बलियो झन् वेगले तीव्रता,
रोक्ने आशप्रवाह त्यो धनुषको छैनन् कुनै उद्धता ॥१

जस्तो बाहिर भाव बग्दछ, त्यसै देखिन्छ आभ्यन्तर,
यस्तै उन्नत भाव बुद्धि तलको भेटिन्छ आफैँ पर ।
हो आरोग्य उदाइ सात्त्विकपना फैलिन्छ चारै दिशा
त्यो ऐश्वर्य विचार उत्तम बने ढाकिन्छ पूरै निशा ॥२

आशाले वशिभूत पार्छ मन यो, ती वैद्यका बोलिले,
रोगीको तन हुन्छ स्वस्थ, अणुले हुन्नन् कुनै गोलिले ।
राखी काबु विचारलाई वशमा निर्माण एकाग्रता,
गर्दै यी उपयोग छन् सफलता नाशिन्छ दारिद्र्य ता ॥३

सानो बीज यथा विशाल तरुको हो हेतु सार्वत्रिक,
त्यस्तै मुख्य छ यो विचार लघुता मस्तिष्कमा आत्मिक ।
इच्छाशक्ति छ लक्ष्य तीव्र नरको आकाशमा कम्पन,
रेखा तेज हुने प्रकाशरूपले सामर्थ्यको चिन्तन ॥४

आशातीत विकाश हुन्छ सजिलै अभ्यासले बेसरी,
घोट्नाले प्रतिकाल भाग्य पनि यो चम्कन्छ लोहासरि ।
विश्वासी हद आत्मसंयम गरी उत्कृष्ट होस् भावना,
खिचिन्छन् विष यी विवेक-बलले संसारका वासना ॥५

–डिल्लीप्रसाद दाहाल
विद्यापीठम्, आचार्य।

गजल

तिमी आफू सधैँ राम्रो गरेरै हेर के हुन्छ ।
कहिल्यै जन्मने छैनौ मरेरै हेर के हुन्छ ॥१

कता घुम्छौ, कता डुल्छौ, सधैँ थोत्रो भिरी देह ।
नयाँ ब्रह्मास्मि थोत्रैमा भरेरै हेर के हुन्छ ॥२

छ यो संसार भेडैको र पैसा घाँस नै आज ।
सधैँ भेडासरी व्यर्थै चरेरै हेर के हुन्छ ॥३

छ ब्रह्माण्डै अशान्तिमा डुबेको मस्त निद्रामा ।
तिमी बत्तीसरी ज्योति छरेरै हेर के हुन्छ ॥४

खरानी जिन्दगी साँच्चै, शरीर् डोरी खरानीको ।
खरानीरज्जुले सिन्धु तरेरै हेर के हुन्छ ॥५

कसैले दाह्री पाल्दैथे कसैले दल्दथे भस्म ।
म ब्रह्मै हूँ नजान्नेले दलेरै हेर के हुन्छ ॥६

म नै जान्ने म नै ज्ञानी कति गर्छौ अहङ्कार ।
अहं छोडेर ब्रह्मैमा सरेरै हेर के हुन्छ ॥७

–सन्तोष अधिकारी
विद्यापीठम्, उत्तरमध्यमा द्वितीयवर्ष ।

गजल

दुःखरूप जिन्दगानी बोक्नु अर्थ के ?
प्राणहीन व्यक्तिलाई ठोक्नु अर्थ के ?

बुद्धि साथ शक्ति चल्छ, बल्छ उद्यम ।
लड्छ गोरु भीरबाट रोक्नु अर्थ के ?

आफूबाट काम गर्नुपर्दथ्यो सुरु ।
त्यो परोपदेश मात्र खोक्नु अर्थ के ?

सभ्यरूप सच्चरित्र भित्र बस्दछ ।
बाह्य सभ्य, भव्य काव्य घोक्नु अर्थ के ?

बिग्रिएछ देश फेरि भ्रष्ट हुन्छ र ?
चूर्ण चूर्ण पिष्ठलाई टोक्नु अर्थ के ?

ठीक्क आश गर्नुपर्छ चाहिने जति ।
झ्याप्प लाग्छ माद फेरि धोक्नु अर्थ के ?

–चिरञ्जीवी खतिवडा

सत्कार्य गर्ने गर

आविर्भाव हुँदा हिमांशु अनि त्यो आकाशको भास्कर
विश्वासी मन हो सदा गगनमा आमोदको आकर ।
सारा कल्मष, राग आखिर यहाँ राम्रो कहाँ नै छ र ?
हट्छन् रे कुविचार भाव मनका सत्कार्य गर्ने गर ॥१

चर्चा हुन्छ सधैँ विकासपथमा तल्लीन हुन्छन् जब
छाडी काम र वासना मनन त्यो स्वाधीन बन्छन् तब ।
खोज्दैछौ यदि स्वर्णहार मनले चट्टान फोर्ने गर
बन्छौ सभ्य स्वयं उदाहरण यो सत्कार्य गर्ने गर ॥२

काट्दैछौ खुकुरी बनेर अब लौ पीडा अचानो बुझ
गर्छौ पाप र जालझेल, ममता आत्मा छ साक्षी बुझ ।
बन्छन् दुष्पथ त्यागले सकल ती वाल्मीकि रत्नाकर
खोज्छौ मुक्ति सदा मुमुक्षुजसरी सत्कार्य गर्ने गर ॥३

सीता, भारवि, कालिदास, भृकुटी, मोती र लक्ष्मी, सम
पूजिन्छन् सबले सुरम्य मनले बन्छौ तिमी के कम ?
थोपा पानी रसाइ खोज्छ गिरिमा गन्तव्य त्यो सागर
मान्छे हौ अनि जन्मियौ धरणिमा सत्कार्य गर्ने गर ॥४

मात्रै स्वार्थ रबाफमा डलरमा हे वृक्ष रोप्नेहरू
सम्झौता र दया, विवेक, करुणा, सद्भाव मेट्नेहरू ।
मर्दैछन् तर जान्न साथ तिनमा पैसा त खै आखिर
ढाँचा, फूर्ति, घमण्ड यी अधम हुन् सत्कार्य गर्ने गर ॥५

साना बालक देशमा सफल ती ज्ञाता र अन्वेषक
सत्-शिक्षा, ममता लिएर जगमा बन्दैनथे कर्कश ।
आफैँ कोमल पुष्प हौ मननमा धस्छौ कती अत्तर
खोज्दैछौ परिपूर्णता, अमरता सत्कार्य गर्ने गर ॥६

–कोमल नेपाल
विद्यापीठम्, शास्त्री तृतीयवर्ष ।

द्यौता बन्ने रहर

मलाई द्यौता बन्ने रहर थियो,
कस्तो संयोग
नभन्दै
एक रात म द्यौता बनेँ।
हेर्दाहेर्दै ममा अनौँठो शक्ति र कान्ति आयो
कल्पनासम्म के गरेथेँ
म आकाशमा पुगेँ र
दिव्यदृष्टिले संसारलाई नियाल्न थालेँ
कतै केही बनाउनुपर्ने, कतै केही बचाउनुपर्ने
र कतै केही हटाउनुपर्ने देखेँ
सबै काम आफैँले गरुँ झैँ लाग्यो
गरेँ
भिन्न–भिन्न स्वरूप र सन्दर्भमा।

काम गर्दाको अनुभव सुनाउनुपर्ने जरुरी
मैले देखिन
सबै काम गर्ने म नै हूँ भन्ने हेक्का
दर्शकलाई भएन
गुणानुरूपका भूमिकामा ख्यापित बने
परिणाममा म कतै सर्जक बनेँ, कतै रक्षक बनेँ
र कतै भक्षक पनि
अहं ब्रह्मा अभवम्, अहं विष्णुः अभवम्,
अहं रुद्रः अभवम्
आफ्ना अनेक रूप र कामको प्रशंसाले
म मख्ख परेँ
हौसिएर मैले पुनः अनेक लीला गरेँ
कतै राम बनेँ त कतै कृष्ण बनेँ
अनि कतै बुद्ध बनेँ त कतै यशु बनेँ
अनेक बन्दै र रम्दै गर्दा ममा उन्माद भरिएछ
क्यार
एकदिन म मूर्ति बनेँ
एकाएक मेरो अनौठो शक्ति र कान्ति हरायो
म निरीह बनेँ।
मेरा भक्तहरूलाई यो सह्य थिएन
संरक्षणीय बनेको मलाई लगेर तिनले
विभिन्न आकार–प्रकारका कोठामा बन्द गरे
र जबाफमा मेरा ती बासलाई मन्दिर मस्जिद
र गुम्बा भने
लीलापुरुषोत्तम भएर पनि
बन्द कोठा र बारभित्र थुनिएर बस्नुपर्ने
यो लीला म आफैँलाई मन परेन
उन्मुक्तिको बाटो खोज्न थालेँ
लक्ष्यमा पुग्नु अगावै ट्या.....ङ्.....ग बजेको
घण्टाको आवाजले मेरो सपना टुट्यो
ब्युँझिएर छाम्दा मैले आफूलाई मान्छे नै पाएँ
र रमाएँ
कारण,
मलाई द्यौताको नियति भोग्नु थिएन ।।

-फणीन्द्रप्रसाद पौडेल
विद्यापीठम्, अध्यापक

नेपाल आमाप्रति

खेलेँ बालककालमा लुटुपुटू, खाएर माटो यही,
पाएँ यौवन यो अमूल्य अहिले, टेकेर माटो यही ।
पाऊँ जीवनसम्म बस्न यसकै, चीसो छहारीमनि,
पाऊँ आखिर मिल्न मृत्युपछि यैँ धूलो खरानी बनी ॥१

जस्को दिव्य मुहार हो हिमचुली सौन्दर्य हो धड्कन,
झर्ना हार बनी वहन्छ जसमा, सारी हरीयो वन ।
खोला बग्छ नशा बनेर जसको माटो सबै चन्दन,
मेरो जन्म र कर्मभूमि पनि हो नेपाल यो पावन ॥२

भागी शान्ति कता ? कहाँ छ ममता ? मैत्री हरायो कता ?
आफ्नै दाजु र भाइको रगतले मैलिसक्यो स्वच्छता ।
झण्डा सूर्य र चन्द्रका सब जले राँको भयो एकता,
खाली रोदनमात्र भो गगनमा डाँको भयो वीरता ॥३

पैले शान्ति थिइन् परन्तु जननी ऐले रुदैँछिन् किन ?
रुन्छे शान्ति वियोग खप्न नसकी डाँफे-चरी दिन्दिन ।
टाढा मानवता गयो अब भयो तर्बार खेल्ने कुरा,
खै बन्धुत्व विवेकमाथि अहिले कस्ले चलायो छुरा ? ॥४

डाफैँ रुन्छ, पहाड रुन्छ, छहरा छोड्छन् नि चिच्याहट,
आऊ काँध मिलाउँ दाजुबहिनी उत्साह बोकी डट ।
रुन्छन् पर्वत शान्तिको विरहमा रुन्छन् सबै कन्दरा,
साँच्चै देश नफोड, जोड अब ता, यो शान्तिको हो घर ॥५ ॥

-पर्वतराज घिमिरे
विद्यापीठम्, शास्त्री तृतीयवर्ष ।

गजल

म, मबाट हराएको धेरै भयो ।
आफैँसँग डराएको धेरै भयो ॥१

अताल्लिँदै निराशाले यताउति ।
एक्लै म बर्बराएको धेरै भयो ॥२

जाल बुन्ने बुनिरहेका छन् रे ।
बाध्यतामा कराएको धेरै भयो ॥३

शून्यतामा दिन दुर्दिन भएको छ ।
आँखा झन् फर्फराएको धेरै भयो ॥४

पाइलाले नयाँ मोड लिनुपर्छ ।
बाटोमा लर्बराएको धेरै भयो ॥५

-दीपक सिग्देल
विद्यापीठम्, आचार्य प्रथमवर्ष

गाँठो पारी वेदनालाई मुटुभित्रै कस्न सिक ।
छचल्केका आँसु पिई मुस्कुराई बस्न सिक ॥१

सारा संसार घात प्रतिघातको युद्धपोथमा ।
स्वार्थी बनी माथि चढ्दै फेरि तलै खस्न सिक ॥२

हाँस्छ दुनियाँ बेइज्जतमा उन्नतिमा राल चुहाई ।
बनी सर्प नचाउने सपेरालाई डस्न सिक ॥३

धोका दिन्छन् मित्र सबै देखिने सहृदयी ।
चोट दिने शत्रुलाई तातो तेल घस्न सिक ॥४

आउँदा एक्लै जाँदा एक्लै छ जीवन जिउनु एक्लै ।
करुणता त्यागी कठोरतामा पस्न सिक ॥५

–विष्णुहरि भट्टराई
गुरुकुलम्, कक्षा-१०

मेरो अनुभूति

नरोई बस हे मेरी आमा म गएँ देवघाट,
गृहस्थमा है कुकर्म बढे लागेन बस्ने मन ।
त्रिशूली तरेँ, गण्डकी तरेँ, समुद्र तर्नु छ,
मैले त्यो कोख्मा जन्म त लिएँ कता गै मर्नुछ ॥१

असारे मास्मा पानी है पर्‍यो, डाँडामा पैरो गो,
मुटुको घाउ बिर्सूँ है भन्छु झन् धेरै गहिरो भो ।
लाटा र सिधा जनतालाई अन्याय गरेको,
म देख्न आमा सक्दिन दिउँसै अँधेरो भएको ॥२

म तिम्रो नाम हिमालभन्दा झन् माथि बढाउँछु,
यो तिम्रो धन् हो, जीवन मेरो देशलाई चढाउँछु ।
पाइला तिनका फर्कन्नन् कहिल्यै दुःख र पीरले ,
काल्को छातीमा टेकेर लात्ती हिँड्दछन् वीरले ॥३

आस्थाको तेल हालेर सत्यको दियो बालेर
म मर्न पाऊँ, देशको थोरै अँध्येरो फालेर ।
अति नै भए बग्दछ रगत् न खुस कहिल्यै
स्वर्गको प्यारो गेटमा आमा भेटौँला तिमीलाई ॥४

जाँदैन लक्ष्मी देशको दुःख तिमीले न आई,
मेटिन्न सारा यी हत्याकाण्ड आँशु नै बगाई ।
मुटुको टुक्रा प्राचीन संस्कृत खाइसक्यो खैरेले,
नेपाली हामी ब्राह्मण समाज रोइराछौँ पीरले ॥६

–मोहन भण्डारी

म हाँसिरहन्छु.....

जलवायु परिवर्तनले
संसारको शिर सगरमाथामा
हिमशिखा पग्लिरहेछ निरन्तर
आधुनिक परिवर्तनले
उसको शिरमा
शिखा पग्लिरहेछ निरन्तर
म देखिरहेछु
प्रत्येक बिहान
पूर्वको झ्यालबाट
सगरमाथाको शिर हेरेर
मन अमिलो पार्दै
तरक्क आँशु चुहाउँछ ऊ
किनकि
हिमशिखा पग्लिरहेछ निरन्तर
पुनः
सगरमाथाप्रतिविम्बित
आफ्नो शिर हेरेर
मन फुरुङ्ग पार्दै
तप्प आँशु चुहाउँछ
किनकि
शिखा पग्लिरहेछ निरन्तर

म नियालिरहेछु
के नेपाल सानो छ? पढाउँदा
भित्ताको मानचित्र देखाउँदै औंलाले
नाक पीरो पारेर
आँखा मिच्छ ऊ
किनकि
दशगजा च्यात्तिरहेछ प्रतिदिन
र फेरि
विद्यार्थीतिर फर्किंदा
टलक्क टल्किएको सुटमा
आफ्नो प्रतिविम्वित सुट हेरेर
मुसुक्क मुस्कुराउँदै
एकथोपा आँशु चुहाउँछ
किनकि
दौरा, सुरुवाल र ढाकाटोपीको
दशगजा च्यात्तिरहेछ प्रतिदिन

म चियाउँदैछु
दराजको 'शिरीषको फूल' हेरेर
आँखाबाट पिलपिल आँशु झार्छ ऊ
किनकि
नेपाली खिइरहेछ सदाबहार
र पुनः
टेबुलको 'द ब्लू मिमोसा' हेरेर
गद्गद हुँदै
एक गाग्रो हर्षाश्रु बगाउँछ ऊ
किनकि
नेपाली विश्वविद्यालयमा
'मिमोसा' अध्यापन गरिरहेछ निरन्तर

म उसलाई देखिरहन्छु
ऊ कतै रुन्छ पनि,
तर म हाँसिरहन्छु
किनकि
हिमशिखा पग्लिरहेछ निरन्तर
शिखा पग्लिरहेछ निरन्तर
दशगजा च्यात्तिरहेछ प्रतिदिन
नेपाली खिइरहेछ अनवरत..........

-नारायणप्रसाद घिमिरे
विद्यापीठ, शास्त्री तृतीयवर्ष

गजल

चराचर जगत् यो भुलाएर आयो ।
मनोभाव दुर्भाव मारेर आयो ॥१

थियो डाह, ईर्ष्या, थियो दम्भभाव ।
हटाएर कालो जगाएर आयो ॥२

हटी वासना त्यो बली ज्ञानदीप ।
छ सन्तुष्ट आत्मा हँसाएर आयो ॥३

तमोभाव सारा बगाई नदीमा ।
सबै कष्ट, पीडा छुटाएर आयो ॥४

बनी आत्मज्ञानी बनी तत्त्वज्ञानी ।
भुलाई जगत् यो सिकाएर आयो ॥५

कुनै छैन आशा कुनै मान ठूलो ।
तिनै आश टाढा छुटाएर आयो ॥६

छ मिथ्या जगत् यो सबै नाश हुन्छ ।
यिनै ज्ञानप्याला पिलाएर आयो ॥७

-अनिश सापकोटा
विद्यापीठम्, उत्तरमध्यमा प्रथमवर्ष

हो ! एकदिन मरिन्छ तर नगर कालका कुरा ।
देखिन्छौ सोझा तर नगर कुटिल चालका कुरा ॥१

बिचरा ती सोझालाई किन फसाउँछौ ?
नथाप जाली र नगर झेल जालका कुरा ॥२

जीवन भेलबाढी हो उर्लने त कहिले शान्त हुने ।
समुद्रझैँ तरङ्गित हुने नगर छालका कुरा ॥३

गर्छन् तिमीप्रति कोही अगाध प्रेम र श्रद्धा ।
बुझ्ने प्रयास गर तर नगर बेतालका कुरा ॥४

हो चित्त बुझ्दैन भने खुलमखुला भन्न खोज,
तर नगर भित्रभित्रै हात हालाहालका कुरा ॥५

मार्छौ भने मार तिमी नगर एउटा कुरा ।
हान गोली, पड्काऊ बम तर नगर ढालका कुरा ॥६

-शेखरराज पाण्डे
विद्यापीठम्, उत्तरमध्यमा प्रथमवर्ष

व्याकरण

संसारका विविध शब्दहरु रहेछन्
संसारका सकल धातुहरु रहेछन् ।
देखेर बोधन भयो सब वस्तु पाइ
के छैन व्याकरणमा पढ दाजुभाइ ॥१

व्याख्या छ सूत्र अनि वार्तिकको खुलस्त
भेटिन्छ विग्रहहरु यसमा समस्त ।
जान्ने भए मन दिई पढ शास्त्रलाई
के छैन व्याकरणमा पढ दाजुभाइ ॥२

देवादिदेव शिव हुन् उपदेशदाता
उत्पन्न पाणिनि भए पछि सूत्रकर्ता ।
पायो मुनित्रय र शम्भु मिली उचाइ
के छैन व्याकरणमा पढ दाजुभाइ ॥३

गाह्रो समासयुत शब्दहरु बुझिन्छन्
शङ्कानिवारण भएपछि तत्त्व खुल्छन् ।
बुझ्दा 'इको यणचि'ले पनि तार्छ पारी
के छैन व्याकरणमा पढ दाजुभाइ ॥४

कात्यायनादिक पतञ्जलि पाणिनीको
यो शास्त्र व्याकरण धन्य भयो सबैको ।
ढोग्छु प्रणाम म गरी दुई हात जोडी
के छैन व्याकरणमा पढ दाजुभाइ ॥५

–कृष्णप्रसाद पौडेल
गुरुकुल, कक्षा-१०

सहिद

कुनै समयमा समर्पित भएर नेपालमा
थिए निडर राष्ट्रभक्त सबको सुकल्याणमा ।
कदापि नभुलौँ तिनी सहिद चारलाई झन
सबै सहिदमा समर्पित भई गरौँ सम्झना ॥१

शरीर बलिदानमा अघि सरे भई तत्पर
दिएर अनमोल जीवन लडे नमानी डर ।
भुलिन्न यति वीर धीर र सुधी गरे साधन
सबै सहिदमा समर्पित भई गरौँ सम्झना ॥२

सहिद अरे त्यहि हो जसले दृढ-लक्ष्य लिएर बढ्यो जगमैँ
गगनविहार म साहससाथ गरूँ लिई वेग सधैँ खगझैँ ।
रगतपिपासु भई सब दुर्जन ताक्नुपरे हिंड, ताक्नुपर्‍यो
सहिदहरू सब एक भई रिपु मार्नुपरे लड मार्नुपर्‍यो ॥३

सहिद अरे त्यहिँ हो जुन जीवनमा उपकार गरेर मर्‍यो
अरु-अरुका हितमा अझ लड्नुछ रक्त छ रञ्जित हुन्छ डट्यो ।
दशरथ आदि लिए जित हातमहाँ अनि लड्नपुगे
रिपुहरू थुर्थुर पाउ लिई डरले यसरी पछि घट्नपुगे ॥४

मजबुत हात बनाई लिई खुकुरी अब लड्छु भनेर बढ्यो,
पथ-पथमा नडराइ हिंडेर अगाडि बढेर अवश्य लड्यो ।
अझ यतिसम्म लडे पनि थाक्छ कहाँ ? अति वीर र धीर थियो
अब त म जित्छु कि जित्छु भनेर परान दिएर जितेर मर्‍यो ॥५

अपार उपकार ती सहिदका हुँदा देशमा
बगेछ अनगिन्ति भाव कविका यहीँ भेषमा ।
बुझेर अथवा म वर्णन गरूँ नजानीकन
म शब्द दुइ, पाउमा सहिदको गरूँ अर्पण ॥६

–प्रवीण पौडेल
गुरुकुलम्, कक्षा-९

गजल

म तिमीमा सुधार चाहन्थेँ ।
युग हाँक्ने विचार चाहन्थेँ ॥१

तर धेरै मुहार चम्कायौ ।
म त मन्को निखार चाहन्थेँ ॥२

सब खेला जितिन्न खेलेको ।
जित तिम्रो म हार चाहन्थेँ ॥३

ढुकुटीभित्र धान फल्दैनन् ।
म त रोप्ने असार चाहन्थेँ ॥४

सब गङ्गा रहन्न आँगनमा ।
म खनेको इनार चाहन्थेँ ॥५

-पर्वतराज घिमिरे

गजल

पछि ढल्ने त्यो लामो बाँसको के काम ?
मरेर लडाइएको लासको के काम ? ॥१

दुःख गरिन्छ तर परिणाममा ।
खान पाइँदैन भने त्यो गाँसको के काम ? ॥२

पर्खने उसैलाई तर उसैद्वारा ।
धोका पाइन्छ भने त्यो आशको के काम ? ॥३

दुःख दिन्छ बाँचुञ्जेल कसै–कसैलाई ।
टोकेर खिल झरेको त्यो डाँसको के काम ? ॥४

मल, जल र धेरै भिटामिन हाली ।
छरिन्छ तर फल्दैन भने त्यो मासको के काम ? ॥५

डोको भरिएको छ तर गाई भोकै छ भने ।
नजिकै राखिएको त्यो घाँसको के काम ? ॥६

गरौँ र गर्नुपर्छ सबैले नूनको सोझो यहाँ ।
हुँदैन बफादार भने त्यो दासको के काम ? ॥७

-शेखरराज पाण्डे

बिछोड हुन्छ मिलनपछि दुवै हर्ने बन्छ गजल ।
शून्यताको घेराभित्र सधैँ चर्ने बन्छ गजल ॥१

आशीर्वादको पर्खाइमा रोकाइन्छ यात्रा पनि ।
सर्छ गोडा चल्छ हात अझै कुर्ने बन्छ गजल ॥२

विरोधाभास हुँदाखेरी हानाहान हुन्छ कतै ।
बिदाइको मुहारभित्र स्वागत छर्ने बन्छ गजल ॥३

सहयोग हुन्छ मान्छेबाट मान्छे सच्चा हुनुपर्‍यो ।
जता लग्यो त्यतै जाने कुलो भर्ने बन्छ गजल ॥४

अँठ्याउँदा निराशा त्यो चपेटामा पर्छ जीवन ।
कन्दराको ठोक्काइमा झर्ना झर्ने बन्छ गजल ॥५

आँशु खस्छ हर्ष बोकी हर्ष बोक्छ सारा कुरा ।
मृत्युसँग मृत्यु बोकी नित्य मर्ने बन्छ गजल ॥६

–प्रमोद रेग्मी

मेरो राष्ट्र

राष्ट्र-सौन्दर्यको शान्तिको प्रेमको,
हो अहिंसा परं धर्म सौहार्दको ।
धर्म, भाषासँगै भिन्नता बढ्दछन्,
देश रक्षा गरौँ सज्जनै भन्दछन् ॥१

गर्नु है मित्रता भिन्नता तोड्नु है,
भ्रष्ट गर्ने भए देश नै छोड्नु है ।
सन्त-सान्निध्यमा बस्नु है मित्र हो,
वीर बन्नू सबै निम्ति यो राष्ट्रको ॥२

घुम्न आऊ सबै देश नेपाल यो,
साथ जुध्ने भए मर्छ है राष्ट्र यो ।
सभ्यता साथमा राख्नु है मित्र हो,
स्वार्थ छोड्नु सबै देश हो प्रेमको ॥३

देशको लागि बाँच्नु र मर्नु पर्‍यो,
बस्नु देशैमहाँ काम गर्नु छ यो ।
शत्रुता छोड्नु है शान्तिको देशमा,
राख्नु विश्वास है देश नेपालमा ॥४

-विवेकराज भट्टराई
गुरुकुलम्, कक्षा-७

पछुतो

मेरो मानवता गयो फगतमा रित्तो भएँ लोकमा
सेवा, धर्म र कर्म नष्ट भइगो आफैँ डुबेँ शोकमा ।
बिर्से पूर्वजका अमूल्य गहना, फाले सबै सम्पदा
यस्तो घोर महान्धकार–पथमा जाऊँ कसोरी सदा ॥१

ढाक्यो पश्चिमको कराल भयले खोस्यो सबै अस्मिता
फाट्यो भव्यस्वरूप आज जनको बिर्स्यो पुरानो छटा ।
सारा संस्कृति, सभ्यता, मलिन भो देशै अँध्यारो अब
खै के भो छलछाम हो कि सुरको जान्दैन लौ यो सब ॥२

मेरो लक्ष्य थियो अनन्त भवमा उद्दीप्त भै बल्दिने
सारा विश्व हिलाउने मनुजका हृद्व्योममा मिल्दिने ।
सारा लोक र भेकमा झिलिमिली प्रत्येकमा सम्मद
मेरो त्यो सपना विशाल किन हो बन्दै गयो चौपट ॥३

इच्छा होइन किन्तु आज भवमा बाटो धमिलो चुनेँ,
केही पाइन किन्तु लौ न सहजै सारा मुलुकै डुलेँ ।
पैसाको सुख-भोगमा रमिरहे इच्छा अनेकौ थिए
रक्सीको मदमा फसेर जहिल्यै आनन्द मैले लिएँ ॥४

पापी यो मनले न बुद्ध चिनियो, न प्रेमको भावना,
बुझ्नै खोजिन रोगिको हृदय वा यो देशको कामना ।
मेरो कोशिशले न चल्छ दुनियाँ भासिन्छ मात्रै सब
यस्तो स्वार्थ शरीर त्याग्छु सहजै सारा समाल्नु अब ॥५

–नारायण जोशी
विद्यापीठम्, उत्तरमध्यमा द्वितीयवर्ष ।

नरुनू पियारी

गरुँ केही भन्दै हिडेथैँ म आज,
भयो जिन्दगी मृत्युको एक छाक ।
तिमी बाँच यो देशमात्रै सिँगारी,
म मर्दा तिमीले नरुनू पियारी ॥१॥

मरेको छ भन्ने सुनेको तिमीले,
भए लाश भेट्छयौ मरेको तिमीले ।
रुझाएर आँखा तिमी आँसु झारी,
म मर्दा तिमीले नरुनू पियारी ॥२॥

म मर्दा तिमीमा दुखेको छ घाउ,
भने प्रीय आफैँ दुनिँया सजाऊ ।
म देख्ने भए हेर कात्रो उघारी,
म मर्दा तिमीले नरुनू पियारी ॥३॥

मरुँ भन्छ कस्ले छ कस्को र इच्छा,
बँचे दुःख पाई बरू माग्छु भिक्षा ।
लिई पीर मेरो नहोऊ अँधेरी,
म मर्दा तिमीले नरुनू पियारी ॥४॥

सधैँ बाँच्छु भन्ने कुनै देव छैन,
म मान्छे हुँ मर्ने कुनै दोष हैन ।
यही मृत्यु तिम्रो हुने हो शिकारी,
म मर्दा तिमीले नरुनू पियारी ॥५॥

चितामा मलाई चढाएर सानू,
जलाएर आगो तिमी दूर जानू ।
नबस्नू तिमी ज्यान आफ्नो बिगारी,
म मर्दा तिमीले नरुनू पियारी ॥६॥

छ तस्बीर मेरो कतै भेट्छ जस्ले,
मरे शान्ति खोज्दै भनी द्यौ तिमीले ।
न बन्नू तिमी हे दयाको भिखारी,
म मर्दा तिमीले नरुनू पियारी ॥७॥

–भीमप्रसाद खतिवडा
विद्यापीठम्, उत्तरमध्यमा प्रथमवर्ष।

गजल

जब उसलाई देखैँ ।
तब उसलाई देखैँ ॥

भन्न सक्दिन अहिले ।
कब उसलाई देखैँ ॥

कल्पनामा हराउँदा ।
सब उसलाई देखैँ ॥

मायाको नाउँमा ।
रब उसलाई देखैँ ॥

धोका दिँदा उसले ।
शव उसलाई देखैँ ॥

–अर्जुन ढकाल
विद्यापीठम्, आचार्य प्रथमवर्ष।

देवघाटधामको महिमा

जहाँ अशोक शोकहीन भै समाधि लाउँछन्,
जहाँ बसेर बुद्धले परोक्ष ज्ञान पाउँछन् ।
जहाँ हरेक रातमा मुरारि रास नाच्दछन्,
जहाँ हरेक माथमा खरारि हात लाउँछन् ॥१

जहाँ यथार्थ मूर्तधर्मरूप वेद घुम्दछन्,
जहाँ झरेर ईशले नवीन सृष्टि गर्दछन् ।
यहाँ पवित्र गण्डकी शिला कुँदेर बग्दछिन्,
अधर्मलीन जीवका अनिष्ट कर्म फाल्दछिन् ॥२



जहाँ हरेक मासमा वसन्तको प्रवास छ,
जहाँ हरेक धूलिमा पियूषको सुवास छ ।
अतीत रामराज्यको प्रतीत जो गराउँछ,
त्रिशूलवाहिनी सरित्, अकल्मषी बनाउँछ ॥३

जहाँ पुगेर लोकले न शोक, मोह पाउँछ,
स्वकीय देह बिर्सिई महेशमा हराउँछ ।
गरेर बोध अस्तिता जहाँ मनुष्य गम्दछ,
करीसरी ढलीमली गरेर नित्य रम्दछ ॥४

सुरम्य गम्य धाम यो यहाँ अलभ्य लाभ छन्,
असंख्य साधुसङ्गमा विदेहका सुभाव छन् ।
विचित्र देव लोकमा गराउनै समानता,
विशाल विश्वकुञ्जमा बनेछ देवघाट ता ॥५

–मौसम ढकाल
गुरुकुलम्, कक्षा-८

व्यर्थ जीवन

लठ्ठी टेकी भट्टी धायो,
लरखर गर्दै मार्ग तातायो ।
प्यूँदै प्यारो लोकल ठर्रा,
गर्थ्यो कोही हुर्रेहुर्रा ॥१

छिर्केबिर्के खोया बिर्के,
नाम छ मेरो काजी हर्के ।
प्यारी आएँ ढोका खोल,
टन्न छ भुँडी प्यूँदा झोल ॥२

भाटा ठोक्दै बारी पाटा,
स्वास्नी गर्छिन् वाई टाटा ।
पैसा सारा भट्टी पुग्यो,
धनहिन बन्दै बोत्तल सुघ्यौँ ॥३

जुनको टहटह शीतल पर्दा,
पछुतो पर्थ्यो ज्युँदै मर्दा,
तर पनि प्यासी बन्दै धायो,
हेर न रसिलो भट्टी आयो ॥४

यस्तै यस्तै जीवन सस्तो,
तर दुर्लभ यो जीवन कस्तो ।
तर बुझ्थ्यो के त्यो जड्याहा,
रक्सी चुस्दै गर्थ्यो आहा ॥५

धन रित्तिन्छ तन थोत्रिन्छ,
रसिलो जीवन अनि छोक्रिन्छ ।
रक्सी जम्ने खाडलजस्तै,
पतित भयो त्यो खस्दै खस्दै ॥६

–सन्दीप तिमिल्सिना
विद्यापीठम्, उत्तरमभध्यमा प्रथमवर्ष

हाइकु

कालो बादल
डरलाग्दो आवाज
पानी त पर्ला ॥

कञ्चन नदी
एकदम गहिरो
पौडी खेल्ने त ॥

चङ्गा नाच्दैछ
स्वच्छन्द यताउता
हुण्डरी आयो ॥

रातो रगत
दयनीय हेराइ
पुलिस भाग्यो ॥

कित्ता नै कित्ता
नेता, सत्ता र भत्ता
यता न उता ॥

भ्यागुतो तारा
आकाश सरोवर
फुल्दैछ जून ॥

पञ्जा र चौका
चौबाटोको ढोलक
आउन्न मौका ॥

मेघ वर्षन्छ
असारे हिलोसँग
धर्ती फुर्कन्छ ॥

सानो प्रवाह
निरन्तर प्रयास
शिला खोपिन्छ ॥

तिम्रो कपाल
शिशिरको बाबियो
चुरोटे झिल्को ॥

-विदुर खनाल,
गुरुकुलम्, कक्षा-१०

हाम्रो बाटो हाम्रो साहित्य



यो आध्यात्मिक ज्ञान जान्नुछ भने बाटो छ पौरस्त्यको,
ती भौगोलिक ज्ञान जान्नुछ भने बाटो छ पाश्चात्त्यको ।
बाटाको क्रममा सधैँ पछिरह्यौँ गन्तव्य उस्तै थियो,
लागौ मार्ग सदा यही धरतिमा पूर्वीय साहित्यको ॥१



खोज्थैँ प्राप्ति भएन यो धरतिमा सत्यं शिवं सुन्दरम्,
बाटो खोज्छु तथापि देख्दिन कतै त्यै मार्गमा ईश्वर ।
हाम्रो मार्ग सधै सबै मनुजको पर्खाई माझैँ थियो,
लागौँ मार्ग सदा यही धरतिमा पूर्वीय साहित्यको ॥२

राम्रो काव्य सुधा पढेर सबले गर्ने भयौँ कामना,
बाटो खोजि सदा सबै मनुजले रम्ने भयौँ विश्वमा ।
बाटो खोज्न प्रयास आज गर हे यो विश्वमा मित्र हो,
लागौँ मार्ग सदा यही धरतिमा पूर्वीय साहित्यको ॥३

आनन्दी मनमा लिएर सबले सन्मार्ग खोज्ने गरौँ,
राम्रो काव्य रचेर यो धरतिमा सौगन्ध्य छर्ने गरौँ ।
सच्चा संस्कृति भै सदा रहिरहोस् बाटो यही पूर्वको,
लागौँ मार्ग सदा यही धरतिमा पूर्वीय साहित्यको ॥४

-किरण रिजाल
गुरुकुलम्, कक्षा-८

गजल

नदेऊ भो बदनाम हुने नाम चाहिँदैन ।
विदेश गई नङग्रा ख्याउने काम चाहिँदैन ॥१

मनले कुभाव सोच्ने भए द्यौता पुजेको अर्थ के ?
मन पवित्र भए द्यौताको धाम चाहिँदैन ॥२

चलोस् हुरी, बगोस् वर्षा, परोस् खडेरी ।
अल्छीझैँ कर्मठलाई विश्राम चाहिँदैन ॥३

मूर्ख होस् या पागल होस् आखिर मान्छे त हो ।
घोडाझैँ मान्छेलाई लगाम चाहिँदैन ॥४

सास रहे आश हुन्छ तर काम गरे पनि ।
पसिनाको मूल्य दिने दाम चाहिँदैन ॥५

बढोस् जाडो अनि बल्ल तातो प्यारो हुन्छ ।
सुदीप बनी फैल्योस् क्रान्ति घाम चाहिँदैन ॥६

-सुदीप मिश्र
विद्यापीठम्, उत्तरमध्यमा प्रथमवर्ष ।

हाम्रो महेशाश्रम



विद्याभूषण, प्रेमको, विनयको, सन्देश, सन्तोषको,
मर्यादा, शिवशक्तिको, विजयको, उल्लासको, जोशको ।
सत्यासत्य-विवेकको, प्रगतिको, छुट्दै नछुट्ने क्रम,
शाश्वत् सत्य परम्परा बनिरहोस् हाम्रो महेशाश्रम ॥१

झार्दै पर्वतबाट ज्ञान-झरना पुग्नेछ सत्सागर,
धोई कोमल पुष्पका मलहरू आफैं बनोस् सुन्दर ।
हे नारायण यो जुगौंजुग चिरञ्जीवी बनोस् सङ्गम,
गङ्गातुल्य अहर्निशा बगिरहोस् हाम्रो महेशाश्रम ॥२

फूलून् के सब फक्रियुन् कमलझैं यी पुष्पका कोपिला,
छाओस् हर्ष गुरुप्रसाद मुखमा पाऊन् कला-कौशल,
रामानन्द हुने स्वयंरमणझैँ आनन्दले उत्तम,
योगी जीवनमुक्तझैँ बनिरहोस् हाम्रो महेशाश्रम ॥३

हाम्रो जीवन, जन्म-मृत्युहरूका आधार श्रीराम हे !
सच्चा संस्कृति, सभ्यता, कृति-कलाका धाम श्रीराम हे ।
नित्यानित्यविवेकको उदय होस्, छिट्टै छुटोस् विभ्रम,
तिम्रो हात समाउँदै अघि बढोस् हाम्रो महेशाश्रम ॥४

-प्रभाकर घिमिरे
गुरुकुलम्, कक्षा-७

गजल

कष्ट, चोट मिस्सिएर रुन्छ जिन्दगी ।
पीर हर्न स्वप्नजाल बुन्छ जिन्दगी ॥१

स्वार्थ छोड जाग, लाग लक्ष्य भेट्नुछ ।
दौडिएर चन्द्रलाई छुन्छ जिन्दगी ॥२

रोप बीज सद्विचाररूप लोकमा ।
पापयुक्त भूमिलाई धुन्छ जिन्दगी ॥३

छैन लाभ जन्मिएर यो धरामहाँ ।
आर्तनाद घोर ताप सुन्छ जिन्दगी ॥४

दुःख मात्र छैन हेर आउँछन् सुख ।
छोड्छ दुःख मोजलाई चुन्छ जिन्दगी ॥५

न्याय गर्न तम्सिएर हुन्न निर्णय ।
सत्य तथ्य खोजलाई गुन्छ जिन्दगी ॥६

सद्विचार राख्नुपर्छ हर् घडी यहाँ ।
शान्त, शुद्ध, बुद्ध, मुक्त हुन्छ जिन्दगी ॥७

-मातृका सुवेदी
विद्यापीठम्, उत्तरमध्यमा द्वितीयवर्ष

गोसाइँकुण्ड यात्रासंस्मरण

पलपल तृणझाडी मुस्कुराइरहेको
करयुगल उफार्दै स्वागतैमा जुटेको ।
भ्रमण मनुज हाम्रो हेर कस्तो जमेको
कण-कण पनि हाम्रो साथ पाई रमेको ॥१

कुसुम हरर वास्ना माद बोकेर आयो
रजततृण जलैले पाउ धोइ रमायो ।
मलिन विहग बस्दैनौ भनी चिर्बिरायो
मनुसँग झरनाले खेल्छु भन्दै करायो ॥२

पवन बहन थाल्यो रोम रोमाञ्च भर्दै,
पथ वरपर भेडा, याक आएर चर्दै ।
अझ तलतल झर्दै जाउ पहाड सर्दै
हिमशिखर करायो गर्जनाले झपार्दै ॥३

जब जल दह हाँस्यो घामको दृष्टि पाई
चपल अधर फाट्यो कुण्ड मुस्काइ देखी ।
सलल-सलल चाल्दै हाम फाल्दै नुहाएँ
शिव-शरण परेरै पुण्य मैले कमाएँ ॥४

–मधुसूदन पराजुली
विद्यापीठम्, उत्तरमध्यमा प्रथमवर्ष ।

नेपाल

छ नेपाल हाम्रो सधैँ नै स्वतन्त्र
सँगै बाच्नु-मर्नु यही मूलमन्त्र ।
कसैको नि दासत्व स्वीकार्य छैन,
ठूलो राष्ट्र झैँ प्राण साँच्चै हुँदैन ॥१॥

सबैको हटाएर अज्ञान सारा
जगाएर यो देश तिर्दैछु भारा ।
म गर्नेछु उत्साहले कार्य पूर्ण
नसक्दा गरौँला सबै देह चूर्ण ॥२॥

दुःखी दीनमाथि दयाभाव राख्नु
कुनै शत्रुको सामु कैल्यै नझुक्नु ।
मिली देशलाई उठाऔँ बलैले
लिऔँ भाव एकत्वको यो सबैले ॥३॥

बचाएर पुर्खाहरूले दिएको
निजी सम्पदा हैन हो यो सबैको ।
उने सूत्रमा वीरले फूलथुङ्गा
बनाऔँ मिली देश शान्तिप्रतीक ॥४॥

-सूर्यमणि जमरकट्टेल,
गुरूकुलम्, कक्षा-७

नववर्ष २०७० को उपलक्ष्यमा सम्पूर्ण शुभचिन्तक भक्तजन, पाठकवृन्द, दाता महानुभाव, साहित्यसजर्क र सम्पूर्ण नेपाली दाजु-भाइ तथा दिदी-बहिनीहरूको उत्तरोत्तर प्रगति, शान्ति र समृद्धिको हार्दिक मङ्गलमय **शुभकामना** *व्यक्त गर्दछौँ ॥*

महेश-साहित्य-सङ्गम-परिवार

गजल

एक्लो थिएँ साथ पाउँदा संसार जितेको छु
तिमीसँग माया लाउँदा संसार जितेको छु ।

अन्धकार यो मेरो जीवन देखेको थेँ आँसीसरी
पूर्णिमामा जून उदाउँदा संसार जितेको छु ।

हिउँदको रुखो हावा, आँसु झार्दै बिताएर
वसन्तमा कोइली गाउँदा संसार जितेको छु ।

केही थिएन, तिमी पाएँ, नयाँ जीवन संसार पाए
मायाको त्यो बहार आउँदा संसार जितेको छु ।

हाम्रो माया हार्दिक होस्, आउने युगको आदर्श होस्
भावनामै हराउँदा संसार जितेको छु ।

–हेमराज तिमिल्सिना
विद्यापीठम्, उत्तरमध्यमा प्रथमवर्ष ।

असीमित छन् मनमा इच्छा तर मार्न डर लाग्छ ।
मिथ्या छ संसार थाहा छ तर नकार्न डर लाग्छ ॥

के देख्दैछु थाहा छैन कोही छैन परार्थमा
विश्वास छैन कोहीमाथि तर दुनियाँमा हार्न डर लाग्छ ॥

अघि बढ्न खोज्यो कि त खुट्टा तान्ने गर्छन् यहाँ ।
थाहा छ बेकुप छ दुनियाँ तर बस्ती सार्न डर लाग्छ ॥

आफू नबाँची धर्तीमा, बचाउन को उठ्छ ?
त्यसै जीवन पिल्स्याएर किन टार्न डर लाग्छ ॥

एउटै थालमा खाको हिजो आज शत्रु बनिदिन्छ ।
बेहाल छ जिन्दगी थाहा छ तर सकार्न डर लाग्छ ॥

–पुरुषोत्तम रिजाल
विद्यापीठम्, उत्तरमध्यमा प्रथमवर्ष ।

जङ्गली मान्छे

यो मान्छे हो त्यही जङ्गली मान्छे
यो मान्छे हो त्यही जङ्गली मान्छे
भित्रभित्रै सुन्निएर मोटाएको,
समस्यै समस्याले सताएको,
ज्ञानको मुहान नै नदेखेको,
यो मान्छे हो त्यही जङ्गली मान्छे ॥

शान्तिको नाममा अशान्तिको बीउ रोप्थ्यो,
महाजनको अगाडि राम्रो बन्न
आफन्तको पोल लगाउँथ्यो,
साथीलाई गोली हानी आफ्नो पदवृद्धि गर्थ्यो,
समाजमा नराम्रो कामको तहल्का मच्चाउँथ्यो,
राम्रो काम गर्नेलाई उपहासको पात्र बनाउँथ्यो
देशविकास गर्छु भन्थ्यो, तर उल्टै
भएको पनि विध्वंस पार्थ्यो,
गाउँ-गाउँमा गरिब जनताहरूसँग
चन्दा माग्थ्यो,
देश-विदेशमा महल बनाउँथ्यो,
यो मान्छे, हो त्यही जङ्गली मान्छे ॥

तर पनि एकदिन
कालले त निम्ता उसलाई अवश्यै पठाउनेछ,
केश पाक्नेछ,
गाला चाउरिनेछ,
दाँत झर्नेछ,
यो मान्छे, हो त्यही जङ्गली मान्छे ॥

–रामचन्द्र रिजाल
विद्यापीठम्, उत्तरमध्यमा द्वितीयवर्ष ।

प्रश्नोत्तर प्रतियोगिता

प्रश्नः- नेपाली साहित्यमा त्रिमूर्ति भनेर क-कसलाई चिनिन्छ ?
उत्तरः-...

- प्रेषकको पूरा ठेगानाः-..फोन नं...
- प्रश्नोत्तर पठाउने ठेगानाः- म.सा.स.को कार्यालय, महेश-विद्यापीठ, देवघाट-२, तनहूँ
- उत्तर बैशाख १५ सम्म माथिको ठेगानामा आइपुग्नुपर्नेछ ।

नोटः- सही उत्तर पठाउनेबाट एकजनालाई गोलाप्रथाद्वारा आकर्षक पुरस्कार प्रदान गरिनेछ ।